# बारागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## खोपवा, बारा
## प्रदेश नं. २, नेपाल

### सेवा करारमा पदपूर्ति गर्ने सम्वन्धि सूचना
**(दोस्रो पटक प्रकशित मिति २०७७/०८/१६)**

यस गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को लागि तपसिल बमोजिम कर्मचारी सेवा करारमा पदपूर्ति गर्न मिति २०७७/०७/२८ गतेको साझेदारी राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम निर्धारित समयमा योग्यता पुगेका उमेदवारहरुबाट माग बमोजिमको संख्यामा दरखास्त प्राप्त नभएकोले पुन: दोस्रो पटक सूचना आव्हान गरिएको छ ।

तपसलि

| क्र. सं | विज्ञापन नं. | पद, सेवा, समुह | माग संख्या | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०२/०७७/७८ | उद्यम विकास सहजकर्ता/उद्यम विकास सहयोगी | २ | रु. १०००।- | |

उद्यम विकास सहजकर्ताको प्रमाण पत्र भएको उम्मेदवारलाई उद्यम विकास सहजकर्ता पदको छनौट पकृयामा समावेश गराईनेछ भने उद्यम विकास सहजकर्ताको प्रमाणपत्र नभएको उम्मेदवारलाई उद्यम विकास सहयोगी पदको छनौट प्रकृयामा राखिने छ । पुनश्च: उद्यम विकास सहजकर्ताको प्रमाण पत्र भएकोलाई प्राथमिक्ता दिइने छ ।

**आवश्यक न्युनत्तम योग्यता र अनुभव:**

**१. शैक्षिक योग्यता :**

**१.१ उद्यम विकास सहजकर्ताको:**

क. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्वन्धि डिप्लोमा कोर्ष उत्तिर्ण गरेको, वा

(ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) बाट उद्यम विकास सहजकर्ता सिप परिक्षण तह २ वा ३ उत्तीर्ण गरेको, वा

(ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्वन्धि प्राविधिक प्रवेशिका परीक्षा (टिएसएलसी) उत्तीर्ण गरेको ।

**१.२ उद्यम विकास सहयोगीको:** कुनै पनि विषयमा प्रविणता प्रमाण पत्र वा +१२ वा सो सरह पास गरेको ।

**२. कार्य अनुभव :**

२.१ उद्यम विकास सहजकर्ताको लागि लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सीप विकास वा आय आर्जनको क्षेत्रमा कम्तीमा एक वर्ष काम गरेको हुनुपर्ने ।

२.२ उद्यम विकास सहयोगीको लागि लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सीप विकास वा आय आर्जन वा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ वर्ष काम गरेको हुनुपर्ने छ ।

३. उमेर : कम्तीमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।

४. दरखास्त दिने स्थान : बारागढी गाउँ कार्यपालिकाको कार्यालय, खोपवा, बारा ।

५. दरखास्त दिने अन्तिम मिति : सूचना प्रकाशन भएको ७ दिनभित्र कार्यालय समयभित्र । अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट ।

६. दरखास्त फाराम पाईने स्थान : बारागढी गाउँपालिकाको वेबसाईड वा बारागढी गाउँ कार्यपालिकाको कार्यालयवाट प्राप्त गर्न सकिने ।

७. छनौटको किसिम : प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन, लिखित परीक्षा र अन्तरवार्ता ।

८. आवेदन तथा संलग्न कागजातहरु : आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपिहरु :

- क. नागरिकताको प्रमाणित प्रतिलिपि
- ख. न्युनत्तम योग्यताको लब्धाङ्क पत्रको प्रतिलिपि
- ग. चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
- घ. अनुभव खुल्ने कागजात
- ङ २ प्रति पासपोर्ट साईजको फोटो

९. सेवा सुविधा : गाउँपालिकाको निर्णय बमोजिम

**नोट:** महिला, दलित, आदिवासी जनजाति, मधेशी तथा विपन्न वर्ग लाई विशेष ग्राहयता दिईनेछ ।

❖ विस्तृत जानकारीको लागि सम्पर्क नं: ९८४५४३०४४७/९८५५०४८७३१

प्रमुख प्रशासकीय अधिकृत